लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, दाङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

आ. व: २०८२/८३ बर्षः पहिलो अंकः ९ चैत्र २०८२

## चैत्र महिनाका प्रमुख उपलब्धिहरु

- ३० बर्षमाथिका नागरिकहरुमा नसर्ने रोगहरुको स्क्रिनिङ अभियान कार्यक्रम
- सुरक्षित मातृत्व अभियान मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८२।०८३ अनुसार तोकिएका स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा अनुगमन समिति गठन तथा अभिमुखीकरण
- विषयगत कार्यक्रमहरुको स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुका लागि पुनर्ताजगी तालिम संचालन

## चैत्र महिनाका प्रमुख उपलब्धिहरु

- नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी स्वास्थ्यकर्मीलाई २ दिने अभिमुखीकरण
- जिल्लास्तरीय जनस्वास्थ्य तथा पोषण समन्वय समितिको गठन तथा बैठक
- स्तनपान प्रवर्धनका लागि आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन (BMS Act) २०४९ र नियमावली २०५१ सम्बन्धी औषधि पसल, अस्पताल, फार्मेसी, डिपार्टमेन्टल स्टोरका स्वास्थ्यकर्मी/व्यवस्था स्वास्थ्यकर्मीलाई २ दिने अभिमुखीकरण
- जिल्लास्तरीय जनस्वास्थ्य तथा पोषण समन्वय समितिको गठन तथा बैठक

## चैत्र महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

१) **३० वर्ष माथिका नागरिकहरुमा नसर्ने रोगहरुको स्क्रिनिङ अभियान कार्यक्रम:** यस अभियानअन्तर्गत ३० बर्षमाथिका नागरिकहरुमा उच्च रक्तचाप, मधुमेह र मृगौलासम्बन्धी रोगको स्क्रिनिङ गरी परामर्श तथा प्रेषण गर्ने कार्यक्रम रहेको छ। माघको अन्तिम साताबाट सुरु गरिएको यस अभियानलाई स्थानीय तहहरुको सहभागितामा निरन्तरता दिइएको छ। चैत्र मसान्तसम्म जिल्लामा करिव ५३००० जनामा स्क्रिनिङ गरिएको थियो।

२) **विषयगत कार्यक्रमहरुको स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण:** तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह एवम् स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आइ एस र डि एच आई एस र PAMS V2 सम्बन्धी अनसाइट कोचिङ (स्थलगत अनुशिक्षण) र स्थानीय तह स्वास्थ्य शाखाको मासिक मिटिङमा सहजीकरणअन्तर्गत बबई तथा शान्तीनगर

गाँउपालिकाको मासिक बैठकमा सहभागी भई स्वास्थ्य तथ्याङ्क गुणस्तर सुधार, PAMS v2, DHIS2को प्रयोग तथा profile update साथै अभिलेख तथा प्रतिवेदन गर्दा हुन सक्ने त्रुटीहरुको पहिचान लगायतका विषयहरुमा छलफल तथा अनुशिक्षण गरिएको थियो। त्यसैगरी, स्थानीय तहका स्वास्थ्य संस्थाबाट सञ्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रमअन्तर्गत सुरक्षित प्रसुति तथा गुणस्तरिय सेवा प्रवाहको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम संचालन गरिएको थियो।साथै सि.बि.आई.एम.एन.सि.आई. कार्यक्रमको समेत केही संस्थाहरुमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न भएको थियो।

३) **सुरक्षित मातृत्व अभियान मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८२।०८३ अनुसार तोकिएका स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा अनुगमन समिति गठन तथा अभिमुखीकरण:** घोराही र तुलसीपुर उपमहानगरपालिका तथा बबई गाउँपालिका साथै रिफरल अस्पतालहरु राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही र राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा सुरक्षित मातृत्व अभियान मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८२।०८३ मा भएको भएको व्यवस्था अनुसार आधारभुत स्वास्थ्य सेवा अनुगमन समिति गठन तथा कार्यक्रमसम्बन्धी अभिमुखीकरण सम्पन्न भएको थियो।

४) **नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी स्वास्थ्यकर्मीलाई २ दिने अभिमुखीकरण:** जिल्लास्थित सबै स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्था तथा अस्पतालहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी २ दिने अभिमुखीकरण घोराहीमा सम्पन्न भएको थियो। सो कार्यक्रमको सहजीकरण राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका विषय विज्ञ चिकित्सक तथा स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षकले गर्नभएको थियो।

५) **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि पुनर्ताजगी तालिम:** दाङ जिल्ला अन्तर्गतका पुनर्ताजगी तालिम लिन बाँकी म.सा.स्वा.स्व.से.हरुको विवरण संकलन गरी विभिन्न व्याचहरुमा लमही, राजपुर, गढवा, तुलसीपुरलगायतका स्थानीय तहरुमा पुनर्ताजगी तालिम सञ्चालन गरिएको थियो।

६) **खानेपानीको गुणस्तर जाँच तथा निगरानी कार्य:** गढवा गाउँपालिकाका ४ वटा खानेपानी संस्थाहरुको ३६ वटा स्थानहरुमा पानीको नमुना संकलन तथा परीक्षण कार्य सम्पन्न भएको थियो।

७) **स्तनपान प्रवर्धनका लागि आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन (BMS Act) २०४९ र नियमावली २०५१ सम्बन्धी औषधि पसल, अस्पताल, फार्मेसी, डिपार्टमेन्टल स्टोरका स्वास्थ्यकर्मी/व्यवस्थापकलाई अभिमुखीकरण:** औषधी पसल, फार्मेसी, डिपार्टमेन्टल स्टोरका स्वास्थ्यकर्मी/व्यवस्थापकको सहभागितामा घोराही उपमहानगरपालिका र तुलसीपुर नगरपालिकामा कार्यक्रम सञ्चालन भएको थियो।

८) **जिल्लास्तरीय जनस्वास्थ्य तथा पोषण समन्वय समितिको गठन तथा बैठक:** महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रमअन्तर्गत जिल्लाका समन्वय प्रमुखको अध्यक्षता तथा सबै स्थानीय तहका प्रमुख र सम्बन्धित विषयगत कार्यालयका प्रमुखहरुको सहभागितामा समिति गठन गरी जिल्लाको समग्र पोषण स्वास्थ्यको अवस्थाका बारेमा जानकारी गराइएको थियो।

## स्थानीय तहहरुबाट चैत्र महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

चैत्र महिनामा जिल्लास्थित सबै स्थानीय तहहरुमा निशुल्क बिपन्न नागरिक औषधी उपचार सिफारिस, जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य जाँच, नसर्ने रोगको स्क्रिनिङ अभियान कार्यक्रम, स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठकलगायत अन्य नियमित कार्यक्रमहरु सञ्चालन भएका थिए। त्यसैगरी गढवा गाउँपालिकामा पूर्ण संस्थागत प्रसुतियुक्त वडा घोषणाका लागि पालिकास्तरीय प्रजनन स्वास्थ्य समन्वय समितिद्वारा सर्भेक्षण, कोइलाबास स्वास्थ्य चौकीको HP MMS; **राप्ती गाउँपालिकामा** VIA विधिबाट पाठेघरको मुखको क्यान्सरको निशुल्क स्क्रिनिङ क्याम्प, अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य स्वास्थ्य कार्यक्रम (निशुल्क स्वास्थ्य शिविर); **तुलसीपुर उपमहानगरपालिकामा** Nurturing Health Project अभिमुखीकरण, Labor Care Guide अभिमुखीकरण, क्षयरोग पहिचान स्क्रिनिङ, रक्तदान कार्यक्रम, कार्यक्रमगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण तथा अनुगमनका कार्यक्रमहरु भएका थिए।

## आगामी महिनाको योजना

- समुदायमा पोषिलो खानाको प्रदर्शनी तथा बालबालिकाहरुमा पोषण लेखाजोखा कार्यक्रम
- निजी स्वास्थ्य संस्थाहरुको अनुगमन
- रणनीतिक स्थानमा बर्थिङ सेन्टर स्थापनाका लागि म्यापिङ कार्यक्रम
- कार्यक्रमगत स्थलगत अनुशिक्षण, सहयोगात्मक सुपरिवेक्षण र अनुगमनलगायत अन्य नियमित कार्यक्रमहरु
- किशोर किशोरी कार्यक्रम विस्तार तथा पूर्ण संस्थागत प्रसुति सेवा कार्यक्रम
- CBIMNCI आधारभूत तालिम
- HP MSS समीक्षा तथा पारस्परिक अवलोकन
- MPDSR कार्यक्रमको पुनर्जागरण कार्यक्रम
- नियमित रुपमा गरिने अन्य कार्यक्रमहरु

## सुझाव र प्रतिक्रियाका लागि


**सूचना अधिकारी**

नामः प्रेम प्रकाश खड्का

पदः अधिकृत लेखा

फोन नम्बरः ९८५७८६०००५

ईमेल ठेगानाः khadkapremprakash2@gmail.com

**गुनासो सुन्ने अधिकारी**

नामः शरद कुमार घिमिरे

पदः अधिकृत छैठौं

फोन नम्बरः ९८४७८२०३८८

ईमेल ठेगानाः sharad20ghimire@gmail.com

## कार्यक्रमसम्बन्धी फोटोहरु



आधारभुत स्वास्थ्य सेवा अनुगमन समिति गठन तथा कार्यक्रमसम्बन्धी अभिमुखीकरण घोराही उपमहानगरपालिका



स्तनपान प्रवर्धनका लागि आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) सम्बन्धी अभिमुखीकरण



लमही नगरपालिकाअन्तर्गतका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पुनर्ताजगी तालिम




विश्व स्वास्थ्य दिवसका सन्दर्भमा गरिएको निशुल्क स्वास्थ्य जाचँ कार्यक्रमपश्चात लिइएको तस्वीर



स्वास्थ्यकर्मीलाई नाक, कान, घाँटी, आँखा तथा मुख स्वास्थ्यसम्बन्धी २ दिने अभिमुखीकरण



नियमित खोप तथा सरसफाइ कार्यक्रमको नियमित अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण, कोइलावास

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np